
# पाठ ४



## एउटा शिक्षण बिन्दु

***सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ***

सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ

## बाइबल कथा

***सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्***

**सुसमाचार कथा पुस्तक दुई।** पृष्ठ संख्या २-१५। *ठूलो, ठूलो, ठूलो आँधी*

तपाईंले पढ्दै गर्दा नानीहरुलाई *सुसमाचार कथा पुस्तक दुईमा* भएका चित्रहरु देखाउँदै पृष्ठ २-७ बाट नानीहरुको निम्ति कथा पढ्नुहोस्।

१, २, ३ पढ्न शुरू गर्नुहोस्...

पृष्ठ ७ को अन्तमा नोआ भन्छन् - जन्तुहरुको नाटक खेल्नको लागि कथा रोक्नुहोस्

**नोआ भन्छन् - जन्तुहरुको नाटक:** नानीहरुलाई चार दलमा बाँड्नुहोस्। एउटा दल कुकुरहरुको दल हो, अर्को दल हाँसहरुको, अर्को दल बाघहरुको र अर्को दल चाहिं बाँदरहरुको दल हो।

शिक्षक: **कुकुरहरुले के गर्छन् मलाई देखाऊ त?** नानीहरुले एक्शन गर्छन् र कुकुर जस्तै हल्लिन्छन्।

शिक्षक: **कुकुरहरुले के भन्छन्?** नानीहरुले भन्छन्: भौ भौ।

शिक्षक: **हाँसहरु कसरी हिंड्छन्?** नानीहरुले एक्शन गर्छन्: हाँसजस्तै हिंड्छन्।

शिक्षक: **हाँसहरुले के भन्छन्?** नानीहरुले भन्छन्: क्वाँक क्वाँक।


शिक्षक: **बाघहरु कसरी हिंड्छन्?** नानीहरुले एक्शन गर्छन्: बाघजस्तै हिंड्छन्।

शिक्षक: **बाघहरुले के भन्छन्?** नानीहरुले भन्छन्: गुर्र गुर्र।

शिक्षक: **बाँदरहरु कसरी हिंड्छन्?** नानीहरुले एक्शन गर्छन: बाँदरजस्तै हिंड्छन्।

शिक्षक: **बाँदरहरुले के भन्छन्?** नानीहरुले भन्छन्: ख्वूक...ख्वूक...ख्वूक।

# पाठ ४



सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ

खेलको नियम बताइदिनुहोस्।

जब म भन्छु, **‘नोआ भन्छन्, कुकुरहरुले के गर्छन्?’** तब सबै नानीहरु कुकुरजस्तै हल्लनुपर्छ। जब म भन्छु, **‘कुकुरहरुले के गर्छन्?’** कुकुर दलका नानीहरु मात्र कुकुरजस्तै हल्लिउन्। जब म भन्छु, **‘नोआ भन्छन्, कुकुरहरुले के भन्छन्?’** सबै नानीहरुले भनून्, **‘भौ, भौ’**।जब म भन्छु, **‘कुकुरहरुले के भन्छन्?’** कुकुर दलका नानीहरुले मात्र भनून्, **‘भौ, भौं’**।

जब म भन्छु, **‘नोआ भन्छन्, हाँसहरुले के गर्छन्?’** तब सबै नानीहरु हाँसजस्तै हिंड्न्। जब म भन्छु, **‘हाँसहरुले के गर्छन्?’** हाँस दलका नानीहरु मात्र हाँसजस्तै हिंड्न्। जब म भन्छु, **‘नोआ भन्छन्, हाँसहरुले के भन्छन्?’** सबै नानीहरुले भनून्, **‘क्वाँक, क्वाँक’**। जब म भन्छु, **‘हाँसहरुले के भन्छन्?’** हाँस दलका नानीहरुले मात्र भनून्, **‘क्वाँक, क्वाँक’**।

जब म भन्छु, **‘नोआ भन्छन्, बाघहरुले के गर्छन्?’** तब सबै नानीहरु बाघजस्तै हिंड्न्। जब म भन्छु, **‘बाघहरुले के गर्छन्?’** बाघ दलका नानीहरु मात्र बाघजस्तै हिंड्न्। जब म भन्छु, **‘नोआ भन्छन्, बाघहरुले के भन्छन्?’** सबै नानीहरुले भनून्, **‘गुर्र, गुर्र’**। जब म भन्छु, **‘बाघहरुले के भन्छन्?’** बाघ दलका नानीहरुले मात्र भनून्, **‘गुर्र, गुर्र’**।

जब म भन्छु, **‘नोआ भन्छन्, बाँदरहरुले के गर्छन्?’** तब सबै नानीहरु बाँदरजस्तै हिंड्न्। जब म भन्छु, **‘बाँदरहरुले के गर्छन्?’** बाँदर दलका नानीहरु मात्र बाँदरजस्तै हिंड्न्। जब म भन्छु, **‘नोआ भन्छन्, बाँदरहरुले के भन्छन्?’** सबै नानीहरुले भनून्, **‘ख्वूक, ख्वूक’**।

जब म भन्छु, **‘बाँदरहरुले के भन्छन्?’** बाँदर दलका नानीहरुले मात्र भनून्, **‘ख्वूक, ख्वूक’**।

यदि एउटा नानीले गलत एक्शन गर्छ अथवा गलत शब्द भन्छ भने, त्यो नानी अगाडि आउँछ र अर्को राउण्डमा कुन नानीले ठीक भन्दैन अथवा गर्दैन, भनी हेर्नको लागि तपाईंलाई (शिक्षक) त्यसले सहायता गर्छ, र ती निकालिएका नानीहरु पनि अगाडि आएर त्यो पहिलेको नानीले जस्तै गर्नेछन्। खेलमा अन्तसम्म रहने नानी उसको दलको निम्ति विजेता घोषित हुनेछ।

आज्ञाहरुलाई मिलाउँदै भन्नुहोस् ताकि नानीहरुले ध्यानसित सुनून्। एउटा नानीले सही ढङ्गमा एक्शन र आवाज ननिकालेसम्म खेल जारी रहन्छ। उसकै दल चाहिँ विजयी दल हुन्छ। सबै नानीहरुले खेल राम्रोसँग बुझून भनी निश्चित गर्नुहोस्।

एकैजना नानी रहेपछि विजयी दलको घोषणा गरिदिनुहोस्। त्यसपछि सबैजना पछाडि बस्छन्।

# पाठ ४

**नोआ याद छ? नोआको कथामा तिमीहरु के याद गर्छौ अनि कथामा हामी कहाँ थियौं?**

तपाईंले पढ्दै गर्दा नानीहरुलाई *सुसमाचार कथा पुस्तक दुईमा* पाइने चित्रहरु देखाउँदै पृष्ठ ८-१५ बाट कथा पढि सिध्याउनुहोस्।

१, २, ३ पढ्न शुरु गर्नुहोस्...

## प्रश्न अनि उत्तर प्रतियोगिता

नानीहरुलाई कथाको विषयमा प्रश्नहरु सोध्नुहोस्। नानीहरुको दुई दल बनाउनुहोस्। पहिलो दललाई एउटा प्रश्न सोध्नुहोस्। पहिलो दलका सबै नानीहरुले एउटा उत्तर दिने निर्णय गरुन्। तिनीहरुले सही उत्तर दिन्छ भने, तपाईंले तिनीहरुलाई एक अंक दिनुहोस्। पहिलो दलले सही उत्तर दिन नसकेको खण्डमा त्यही प्रश्न दोस्रो दललाई सोध्नुहोस्। दोस्रो दलका सबै नानीहरुले एउटै उत्तर दिने निर्णय गर्नुपर्छ। तिनीहरुले सही उत्तर दिन्छन् भने तिनीहरुको दललाई एक अंक दिनुहोस्।

जम्मा अंकहरु एउटा कालोपाटी अथवा अर्को एउटा कागजको टुक्रमा राख्नुहोस्।

त्यसपछि दोस्रो दललाई कथाको अर्को प्रश्न सोध्नुहोस्। दोस्रो दलका सबै नानीहरुले एउटा उत्तर दिने निर्णय गरुन्। दोस्रो दलले सही उत्तर दिएमा तिनीहरुको दललाई एक अंक दिनुहोस्। तर दोस्रो दलले सही उत्तर दिन नसकेको खण्डमा त्यही प्रश्न पहिलो दललाई सोध्नुहोस्। पहिलो दलका सबै नानीहरुले एउटै उत्तर दिने निर्णय गर्नुपर्छ। तिनीहरुले सही उत्तर दिन्छन् भने तिनीहरुको दललाई एक अंक दिनुहोस्।

पहिलो र दोस्रो दललाई पालै पालो कथाका प्रश्नहरु सोध्नुहोस्।

यदि एउटा नानीले गलत उत्तर दिन्छ भने, तिनीहरुलाई उत्साह दिनुहोस् र भन्नुहोस तिमीहरुले राम्रो प्रयास गऱ्यौ, तापनि मैले खोजेको उत्तर त्यो होइन। नानीले एउटा सही उत्तर दिएमा, सही! एकदम राम्रो! भन्नुहोस्!

सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ

अर्को पृष्ठमा तपाईंले सोध्नसक्ने केही प्रश्नहरु उत्तरसहित छन्।

**नोआले कसको निम्ति गीत गाए?**
सृष्टिकर्ता परमेश्वरको।

**सृष्टिकर्ता परमेश्वरले नोआलाई किन एउटा ठूलो, ठूलो, ठूलो जहाज बनाउन लगाउनुभयो?**
किनकि एउटा ठूलो आँधी आउँदै थियो र सृष्टिकर्ता परमेश्वरले नोआ, तिनका परिवार, र सबै जन्तुहरुलाई बचाउन चाहनुहुन्थ्यो।

# पाठ ४

**उहाँले तिनलाई प्रेम गर्नुहुन्थ्यो भनी सृष्टिकर्ता परमेश्वरले नोआलाई कसरी प्रकट गर्नुभयो?**

सृष्टिकर्ता परमेश्वरले नोआ र तिनका परिवार र सबै जन्तुहरुलाई बचाउनुभयो।

**नोआको कथा कहिले भएको थियो?**

हाम्रा पूर्वजहरुको समयमा।


**नोआको कथाबाट हामी के शिक्षा सिक्छौं?**

सृष्टिकर्ता परमेश्वरलाई हुन लागेका सबै कुरा थाहा छ। सृष्टिकर्ता परमेश्वरले हामीलाई प्रेम गर्नुहुन्छ। सृष्टिकर्ता परमेश्वरले तिनलाई आज्ञा गर्नुभएका कुराहरु गरुन्जेल नोआ सुरक्षित थिए। सृष्टिकर्ता परमेश्वरले हामीलाई बचाउनुहुन्छ। सृष्टिकर्ता परमेश्वरले गर्नेछु भन्नुभएका सबै कुराहरु गर्नु नै हुनेछ।

सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ

## एक्शन गीत

***सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्***



के तिमी ती पशुहरु देख्छौ, पशुहरु, पशूहरु,

के तिमी ती पशुहरु देख्छौ, जहाजबाहिर निस्केका।

सबै पशुलाई परमेश्वरले बचाउनुभो, बचाउनुभो, बचाउनुभो,

सबै पशुलाई परमेश्वरले बचाउनुभो, बाड़बाट बचाउनुभो।

## वस्तु पाठ

***सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्।***

दुई नानीहरुलाई तपाईंको सहायक बन्न लगाउनुहोस्। एउटा नानीको आँखा बन्द गरिदिनुहोस्। अर्को नानीलाई त्यो आँखा छोपिएको नानीलाई कोठा अथवा गाउँभरि डोऱ्याउन लगाउनुहोस्।

ती दुई नानीहरुले यात्रा सिध्याएपछि, अरु नानीहरुले सुन्ने गरी उत्तर दिन त्यो आँखा छोपिएको नानीलाई यी प्रश्नहरु सोध्नुहोस्।

तपाईंले सोध्नसक्ने केही प्रश्नहरु यहाँ छन्।

**तिमी कहाँ जाँदैछौ भनी थाहा नपाउँदा कस्तो लाग्दैथियो?**

**के तिम्रो साथीलाई भरोसा गर्नु सजिलो थियो?**

**वास्तविक जीवनमा अब के हुन लागेको छ भनी के तिमीलाई सधैं थाहा हुन्छ?**

**सृष्टिकर्ता परमेश्वरमाथि भरोसा गर्न तिमीले के गर्नसक्छौ?**

# पाठ ४

## बाइबल पद स्मरण खेल

***सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरको अर्को नाउँ *परमप्रभु* हो भनी बताइदिनुहोस्।

**उत्पत्ति ६:२२** *'परमेश्वरको आज्ञा अनुसार नोआले सबै काम पूरा गरे।'*

बाइबल पद स्मरण भन्नुहोस् अथवा गाएर सुनाउनुहोस् अनि नानीहरुलाई तपाईंको (शिक्षक) पछिपछि दोहोऱ्याउन लगाउनुहोस्। नानीहरुले बाइबल पद स्मरण याद नगरेसम्म दोहोऱ्याइ रहनुहोस्।

त्यसपछि शब्दहरुमा एउटा ड्रमको ताल र एक्शन थप्नुहोस् ताकि नानीहरुले बाइबल पद स्मरण गाउन सकून्।

शिक्षक: 'परमेश्वरको आज्ञा अनुसार।'
नानीहरु: 'परमेश्वरको आज्ञा अनुसार।'

शिक्षक: 'नोआले सबै काम'
नानीहरु: 'नोआले सबै काम'

शिक्षक: 'पूरा गरे'
नानीहरु: 'पूरा गरे'

शिक्षक: 'उत्पत्ति ६:२२।'
नानीहरु: 'उत्पत्ति ६:२२।'

## व्यवहारिक उपयोग


***सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरमा भरोसा गर, जसले हामीलाई बचाउनुहुन्छ

सृष्टिकर्ता परमेश्वरले हामीलाई बचाउनुहुन्छ भनी जान्नुको अर्थ हो, हामी सृष्टिकर्ता परमेश्वरमा भरोसा गर्नसक्छौं। सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु जान्नुहुन्छ। सृष्टिकर्ता परमेश्वरले सबै कुराहरु देख्नुहुन्छ। जब हामी नोआले आफैलाई सृष्टिकर्ता परमेश्वरलाई अगुवाइ गर्ने अनुमति दिए जस्तै हामी पनि सृष्टिकर्ता परमेश्वरलाई हामी आफैलाई अगुवाइ गर्नदिन्छौं, हामीसित जस्तै समस्याको बीचमा पनि शान्ति हुन्छ।

**प्रार्थना:** सृष्टिकर्ता परमेश्वर तपाईंले मानिस र जन्तुहरुलाई बचाउनुहुन्छ, त्यसको निम्ति तपाईंलाई धन्यवाद। हे सृष्टिकर्ता परमेश्वर, म तपाईंमा भरोसा पर्दछु। सृष्टिकर्ता परमेश्वर, मेरो जीवनका सबै दिनहरुमा मलाई अगुवाइ गर्नुहोस्। आमेन।

# पाठ ५



## एउटा शिक्षण बिन्दु

***सृष्टिकर्ता परमेश्वरले सबैथोक गर्नसक्नुहुन्छ***

## बाइबल कथा

***सृष्टिकर्ता परमेश्वरले सबै थोक गर्नसक्नुहुन्छ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरले सबैथोक गर्नसक्नुहुन्छ

**सुसमाचार कथा पुस्तक दुई।** पृष्ठ १६-३२। *विशेष उपहार।*

**पर्खनुपर्ने खेल:** सबै नानीहरुले तपाईंलाई देख्नसक्ने स्थानमा खड़ा हुनुहोस्। ध्यानपूर्वक आफ्नो घड़ीमा हेरे जस्तै गर्नुहोस् (घड़ी छैन भने पनि भएको जस्तै नक्कल गर्नुहोस्)। तपाईंले केही हुन लागेको छ भनी पर्खेको जस्तै नक्कल गर्नुहोस्। नानीहरुमध्ये एकजनाले तपाईंले केको लागि प्रतीक्षा गर्नुहुँदैछ भनी सोध्नको लागि पर्खनुहोस् (यसको लागि अलिक समय लाग्नसक्छ)। त्यसपछि भन्नुहोस्, 'मैले तिमीले मलाई कहिले तपाईंले केको लागि प्रतीक्षा गर्नुहुँदैछ भनी सोध्छौ भनी पर्खी राखेको थिएँ!'

आजको कथामा हामी एकजना मानिसको बारेमा सिक्छौं। तिनको नाउँ अब्राहाम हो। अब्राहामले वर्षौंसम्म कुनै कुराको प्रतीक्षा गरिरहेका थिए। हामीले अब्राहामले केको प्रतीक्षा गर्दैथिए भनी पत्तो लगाउँन ध्यानसित सुनौं।

प्रत्येकपल्ट तपाईंले तिनीहरुतिर औंल्याउँदा तिनीहरुले 'सृष्टिकर्ता परमेश्वरले सबै कुरा गर्नसक्नुहुन्छ' भनी नानीहरुलाई भन्न लगाउनुहोस्। *सुसमाचार कथा पुस्तक दुईबाट*

*'विशेष उपहार'* कथा पढ्नुहोस् अनि बताउनुहोस्।

कथामा जब पनि 'सृष्टिकर्ता परमेश्वरले सबै कुरा गर्नसक्नुहुन्छ' भन्ने शब्द आउँछ, नानीहरुतिर औंल्याउनुहोस्। नानीहरुले भनून्, 'सृष्टिकर्ता परमेश्वरले सबै थोक गर्नसक्नुहुन्छ। '

कथाको अन्तमा नानीहरुलाई यो प्रश्न सोध्नुहोस्।

१, २, ३ कथा शुरु गर्नुहोस्...


**'अब्राहामले केको प्रतीक्षा गर्दैथिए?'**
एउटा सन्तानको।

कि परमेश्वरले तिनका सन्तानद्वारा धेरै मानिसहरुलाई बचाउनुहुने थियो।

बलिदानको निम्ति एउटा थुमा।


सृष्टिकर्ता परमेश्वर संसारमा आउनुहुने।

# पाठ ५









## एक्शन गीत

***सृष्टिकर्ता परमेश्वरले सबै थोक गर्नसक्नुहुन्छ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरको अर्को नाउँ *परमप्रभु* हो भनी बताइदिनुहोस्।

पिता अब्राहामका धेरै छोराहरू छन्, धेरै छोराहरु,पिता अब्राहामको।
तीमध्ये म एक हुँ, तिमी पनि हौ। यसैले प्रभुको प्रशंसा गरौं।
दाहिने हात!

पिता अब्राहामका धेरै छोराहरू छन्, धेरै छोराहरु,पिता अब्राहामको।
तीमध्ये म एक हुँ, तिमी पनि हौ। यसैले प्रभुको प्रशंसा गरौं।
दाहिने हात, देब्रे हात!

पिता अब्राहामका धेरै छोराहरू छन्, धेरै छोराहरु,पिता अब्राहामको।
तीमध्ये म एक हुँ, तिमी पनि हौ। यसैले प्रभुको प्रशंसा गरौं।
दाहिने हात, देब्रे हात, दाहिने पाउ!

पिता अब्राहामका धेरै छोराहरू छन्, धेरै छोराहरु,पिता अब्राहामको।
तीमध्ये म एक हुँ, तिमी पनि हौ। यसैले प्रभुको प्रशंसा गरौं।
दाहिने हात, देब्रे हात, दाहिने पाउ, देब्रे पाउ!

पिता अब्राहामका धेरै छोराहरू छन्, धेरै छोराहरु,पिता अब्राहामको।
तीमध्ये म एक हुँ, तिमी पनि हौ। यसैले प्रभुको प्रशंसा गरौं।
दाहिने हात, देब्रे हात, दाहिने पाउ, देब्रे पाउ, शिर हल्लाउ!

पिता अब्राहामका धेरै छोराहरू छन्, धेरै छोराहरु, पिता अब्राहामको।
तीमध्ये म एक हुँ, तिमी पनि हौ। यसैले प्रभुको प्रशंसा गरौं।
दाहिने हात, देब्रे हात, दाहिने पाउ, देब्रे पाउ, शिर हल्लाउ, फनक्क घुम!

यसैले प्रभुको प्रशंसा गरौं!

# पाठ ५

## वस्तु पाठ

***सृष्टिकर्ता परमेश्वरले सबै कुरा गर्नसक्नुहुन्छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्***

**तिमीहरु के देख्तछौ?** यदि एउटा नानीले एउटा गलत उत्तर दिन्छ भने, उसलाई उत्साह दिनुहोस् र ‘राम्रो गऱ्यौ तापनि मैले चाहेको उत्तर यो होइन’ भन्नुहोस्। यदि एउटा नानीले एउटा ठीक उत्तर दिन्छ भने ‘ठीक!एकदम असल गऱ्यौ’ भन्नुहोस्! नानीले सही उत्तर नदिएसम्म त्यही प्रश्न सोधिरहनुहोस्।

सृष्टिकर्ता परमेश्वरले सबैथोक गर्नसक्नुहुन्छ

माथि आकाशमा हेर। **तिमी के देख्छौ?**
सम्भावित उत्तर: घाम, आकाश, बादल, चराहरु,

**यस बिहानी कसले घामलाई उदय हुन लगायो?**
सृष्टिकर्ता परमेश्वरले यस बिहानी घामलाई उदय हुन लगाउनु भयो।

**प्रत्येक साँझ कसले घामलाई अस्ताउन लगाउँछ?**
सृष्टिकर्ता परमेश्वरले नै प्रत्येक साँझ घामलाई अस्ताउन लगाउनुहुन्छ।

**आकाशमा कसले बादलहरुलाई उड्न लगाउँछ?**
सृष्टिकर्ता परमेश्वरले नै बादलहरुलाई आकाशमा उड्न लगाउनुहुन्छ।

**कसले बादललाई पानी वर्षाउन लगाउँछ?**
सृष्टिकर्ता परमेश्वरले नै बादललाई पानी वर्षाउन लगाउनुहुन्छ।

**कसले आकाशका चराहरुको देखेरेख गर्छ?**
सृष्टिकर्ता परमेश्वरले नै आकाशका चराहरुको देखरेख गर्नुहुन्छ।
सृष्टिकर्ता परमेश्वरले सबै कुरा गर्नसक्नुहुन्छ।

## बाइबल पद स्मरण खेल

***सृष्टिकर्ता परमेश्वरले सबै कुरा गर्नसक्नुहुन्छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरको अर्को नाउँ परमप्रभु हो भनी बताईदिनुहोस्।

**उत्पत्ति १५:६** *‘अब्रामले परमेश्वरलाई विश्वास गरे अनि परमेश्वरले अब्रामको विश्वासलाई विचार गर्नुभयो कि उनले वास्तवमा के गराउन चाहन्थे।’*

**सामग्रीहरु:** लेख्नको लागि कालोपाटी र चक, अथवा धूलो र सिन्का, अथवा पेपर र पेन्सिल।

कालोपाटी, अथवा धूलो अथवा पेपरमा बाइबल पद स्मरण लेख्नुहोस्।

तपाईंले यसलाई भन्दै गर्दा प्रत्येक शब्दलाई देखाउँदै बाइबल पद स्मरण भन्नुहोस्। यदि नानीहरुलाई अझ पनि पढ्न सिकाइएको छैन भने, बाइबल पद स्मरण लेख्ने आवश्यकता पर्दैन। नानीहरुले तपाईंको पछि पछि शब्दहरु दोहोऱ्याउन्।

# पाठ ५

सृष्टिकर्ता परमेश्वरले सबैथोक गर्नसक्नुहुन्छ

अब्राहामले परमेश्वरलाई विश्वास गरे x ३

अनि परमेश्वरले अब्राहामको x ३

विश्वासलाई स्वीकार गर्नुभयो x ३

कि उनले वास्तवमा के गराउन चाहन्थे। x ३

अब सबै नानीहरु खड़ा होऊन्। नानीहरुलाई तपाईंको पछि पछि भन्न लगाउनुहोस्।

बाइबल पद स्मरण भन्नुहोस् अनि त्यही समय पेटमा हात माड्नुहोस्। अब नानीहरुले पनि बाइबल पद स्मरण भनुन् र त्यही समय हातले तिनीहरुको पेट माड्नु।

बाइबल पद स्मरण भन्नुहोस् अनि त्यही समय एउटा पूर्ण गोलाकारमा घुम्नुहोस्। अब नानीहरुले बाइबल पद स्मरण भनुन् र त्यही समय एउटा पूर्ण गोलाकारमा घुमून्।

आ-आफ्नै स्थानमा माथि तल उफ्रँदै बाइबल पद स्मरण भन्नुहोस्। अब नानीहरुले पनि एकै समयमा आ-आफ्नै स्थानमा माथि तल उफ्रँदै बाइबल पद स्मरण भनून्।

लेखिएको बाइबल पद स्मरण मेटाउनुहोस् र नानीहरुलाई अन्तिम पल्ट बाइबल पद स्मरण भन्न लगाउनुहोस्।

## व्यवहारिक उपयोग


***सृष्टिकर्ता परमेश्वरले सबै कुरा गर्नसक्नुहुन्छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरले सबै कुरा गर्नसक्नुहुन्छ किनकि, सृष्टिकर्ता परमेश्वरले सबै कुरा सृष्टि गर्नुभयो। सृष्टिकर्ता परमेश्वरले हामीलाई अतिनै प्रेम गर्नुहुन्छ। सृष्टिकर्ता परमेश्वरले हामीलाई सदा सर्वदाको निम्ति बचाउन सक्नुहुन्छ।

**प्रार्थना:** मलाई प्रेम गर्नुभएको निम्ति सृष्टिकर्ता परमेश्वर तपाईंलाई धन्यवाद। सृष्टिकर्ता परमेश्वर तपाईंले सबै कुरा गर्न सक्नुभएको कारण तपाईंलाई धन्यवाद, किनकि तपाईंले सबै कुरा सृष्टि गर्नुभयो। म तपाईंमा विश्वास गर्छु। म तपाईंमा भरोसा गर्छु। आमेन्।

**पुरस्कार:** सबै नानीहरुलाई तिनीहरुको *सुसमाचार कथा पुस्तक दुईको* प्रति दिनुहोस्। सबै नानीहरुलाई तिनीहरुको *सुसमाचार कथा पुस्तक दुइको* प्रति पढ्न सहयोग गर्नुहोस्।

# पाठ ६



## एउटा शिक्षण बिन्दु

***सृष्टिकर्ता परमेश्वरले आफ्ना मानिसहरुको रक्षा गर्नुहुन्छ***

## बाइबल कथा

***सृष्टिकर्ता परमेश्वरले आफ्ना मानिसहरुको रक्षा गर्नुहुन्छ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्।***

सृष्टिकर्ता परमेश्वरले आफ्ना मानिसहरुको रक्षा गर्नुहुन्छ

**सुसमाचार कथा पुस्तक तीन।** पृष्ठ २-२७। *दुष्ट राजा।*

तपाईंले *सुसमाचार कथा पुस्तक तीनबाट* 'दुष्ट राजा'को कथा बताउँदै गर्दा नानीहरुको साथमा कथाको एउटा नाटक खेल्नुहोस्।


**कलाकारहरु:** कथावाचक अनि नाटकको निर्देशक (तपाईं शिक्षक)। दुष्ट राजा (नानीहरुमध्ये एकजना)। मोशा (नानीहरुमध्ये एकजना)। हारुन (नानीहरुमध्ये एकजना)। तीनजना जादुगरहरु (नानीहरुमध्ये तीनजना)। सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने नानीहरु (नाटकमा भाग नलिने अरु सबै नानीहरु)।

दुष्ट राजालाई सबैभन्दा अगाडि बस्न लगाउनुहोस्। यो सबैभन्दा अगाडिको ठाउँ चाहिँ दुष्ट राजाको राजमहल हो भनी नानीहरुलाई बताइदिनुहोस्। नानीहरुलाई त्यो दुष्ट राजाको राजमहलमा पस्ने अनुमति छैन। मोशा र हारुनलाई नानीहरुको एकापट्टी खड़ा हुन लगाउनुहोस् ताकि सबै नानीहरुले मोशा र हारुनलाई देख्न सकून्। दुष्ट राजाका ती तीन जादुगरहरुलाई दुष्ट राजाको राजमहलमा दुष्ट राजाको पछाडिपट्टी खडाहुन लगाउनुहोस्।

सबै नानीहरुको नाटकमा खेल्ने एउटा भूमिका हुन्छ। तपाईंले कथामा आ-आफ्नो भूमिका खेल्न आउनेलाई देखाउँदै कथा पढ्दा र भन्दै गर्दा नानीहरुलाई निर्देशन गर्नुहोस्। नानीहरुले त्यो अभिनय गरेको र भनेको कुरा ध्यानसित सुन्नुपर्दछ। त्यसपछि अभिनय गर्नेले कथामा जे गर्छ र भन्छ नानीहरुलाई पनि त्यसै गर्न लगाउनुहोस्।

*उदाहरण:* पृष्ठ २, ३ बाट कथा पढेर सुनाउनुहोस्। तपाईंले (शिक्षक) पढेर सुनाएपछि, 'म नानीहरुले 'सृष्टिकर्ता परमेश्वरले हामीलाई बचाउनुहुन्छ' भन्दै गरेको सुन्छु,' त्यहाँ रोकिनुहोस् र सृष्टिकर्ता परमेश्वरको निम्ति गाउँदै गरेका नानीहरुतिर औंल्याउनुहोस्। सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने नानीहरुको भूमिका खेल्ने नानीहरुले भनून, 'सृष्टिकर्ता परमेश्वर, कृपा गरी हामीलाई बचाउनुहोस्।'

# पाठ ६



*उदाहरण:* पृष्ठ ४-६ बाट कथा पढेर सुनाउनुहोस्। तपाईंले (शिक्षक) 'म मोशालाई एउटा आगोको रुखलाई हेर्दैगरेको देख्नसक्छु' भनी पढेर सुनाउँदा, रोकिनुहोस् र मोशाको भूमिका खेल्ने नानीलाई औंल्याउनुहोस्। तब मोशाको भूमिका खेल्ने नानीले छक्कै परेर आगोको रुखलाई हेर्दै गरेको नक्कल गर्छ।

कथा पढ्दै सुनाउन जारी राख्नुहोस्, प्रत्येकपल्ट रोकिनुहोस् र नाटकमा भाग लिने नानीतिर औंल्याउनुहोस्। तिनीहरुले कथाको पात्रले गरेको र भनेको जस्तै अभिनय गर्नु र भन्नुपर्छ।

१, २, ३ नाटक शुरु गर्नुहोस्...

कथा पढीसकेर, भनिसकेर र अभिनय गरिसकेपछि नानीहरुलाई कथाको विषयमा प्रश्नहरु सोध्नुहोस्। यदि एउटा नानीले गलत उत्तर दिन्छ भने, उसलाई उत्साह दिनुहोस् र राम्रो कोशिश गर्‍यौ तापनि मैले चाहेको उत्तर यो होइन भन्नुहोस्। यदि एउटा नानीले सही उत्तर दिन्छ भने, भन्नुहोस, 'ठीक! अति असल!'एउटा नानीले ठीक उत्तर नदिएसम्म त्यही प्रश्न सोधिरहनुहोस्।

तपाईंले सोध्नसक्ने केही प्रश्नहरु यहाँ छन्।

सृष्टिकर्ता परमेश्वरले आफ्ना मानिसहरुको रक्षा गर्नुहुन्छ

**दुष्ट राजाले कसलाई घृणा गर्छ?**
सृष्टिकर्ता परमेश्वरको निम्ति गाउने सबैलाई।

**उहाँका मानिसहरुलाई जान देऊ भनी दुष्ट राजालाई भन्न सृष्टिकर्ता परमेश्वरले कसलाई पठाउनुभयो?**
मोशा र हारुनलाई।

**सृष्टिकर्ता परमेश्वरले हारुनलाई के भन्नुभयो?**
तिम्रो टेक्ने लौरो फ्याँकिदेऊ।

**हारुनले के गरे?**
हारुनले तिनका टेक्ने लौरो फ्याँके।


**हारुनको लौरो के भयो?**
हारुनको लौरो सर्पमा परिणत भयो।

# पाठ ६



**तिनीहरुले आफैलाई मृत्युदेखि सुरक्षित राख्नको निम्ति सृष्टिकर्ता परमेश्वरले उहाँका मानिसहरुलाई के गर्नु भन्नुभयो?**
तिनीहरुका घरका चौखटहरुमा थुमाको रगत लगाउनु।

**यो कथाबाट हामी के सिक्छौं?**
हामी उहाँसित कुरा गर्दा सृष्टिकर्ता परमेश्वरले हाम्रो कुरा सुन्नुहुन्छ। सृष्टिकर्ता परमेश्वरले उहाँका मानिसहरुलाई रक्षा गर्नुहुन्छ। सृष्टिकर्ता परमेश्वरले उहाँका मानिसहरुलाई बचाउनु हुन्छ।



x2

## एक्शन गीत

***सृष्टिकर्ता परमेश्वरले आफ्ना मानिसहरुको रक्षा गर्नुहुन्छ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्।***

शक्ति छ, छ, ठूलो शक्ति छ,
थुमाको रगतमा

शक्ति छ, छ, उदेकको शक्ति छ,
थुमाको अनमोल रगतमा।

## वस्तु पाठ

***सृष्टिकर्ता परमेश्वरले उहाँका मानिसहरुलाई रक्षा गर्नुहुन्छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्।***

सृष्टिकर्ता परमेश्वरले आफ्ना मानिसहरुको रक्षा गर्नुहुन्छ

**सामग्री:** एउटा नानीलाई पूरै ढाक्ने कम्बल।

के तिमीहरुलाई सृष्टिकर्ता परमेश्वरको निम्ति गाउनेहरुलाई सृष्टिकर्ता परमेश्वरले कसरी दुष्ट राजाका सेनाहरुबाट सुरक्षा गर्नुभयो भन्ने कथा याद छ?

त्यो कस्तो थियो म तिमीहरुलाई देखाउनेछु। एउटा नानीलाई तपाईंको सहयोगी बन्न, अघि आउन र तपाईंलाई सहायता गर्न तपाईंकै साथमा खड़ा हुन लगाउनुहोस्।

**के यो कम्बल देख्तैछौ?** (नानीहरुलाई देखाउनको लागि त्यो कम्बल उचाल्नुहोस्)।


नानीहरुले उत्तर दिन्छन्: हजुर।

तब त्यो कम्बल तपाईंको सहयोगी नानीलाई पूरै ढाक्ने गरी ओढ़ाइदिनुहोस्।

तपाईंको सहयोगीलाई सोध्नुहोस्, **'के तिमी कम्बलभित्र हावा महसुस गर्नसक्छौ?'**
तपाईंको सहयोगीले भन्छ: अहँ, सक्दिन।

त्यो कम्बल सृष्टिकर्ता परमेश्वरले हामीलाई सुरक्षित राख्नुभएको जस्तै हो। सृष्टिकर्ता परमेश्वरले हामीलाई उहाँको प्रेमले ढाक्नुहुन्छ र सबै दुष्ट आत्मा र दुष्ट शक्तिहरुबाट सुरक्षित राख्नुहुन्छ।

# पाठ ६



सृष्टिकर्ता परमेश्वरले आफ्ना मानिसहरुको रक्षा गर्नुहुन्छ

## बाइबल पद स्मरण खेल

***सृष्टिकर्ता परमेश्वरले उहाँका मानिसहरुको रक्षा गर्नुहुन्छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरको अर्को नाउँ परमप्रभु हो भनी बताईदिनुहोस्।

**प्रस्थान १४:१४** *'तिमीहरूले केही गर्नु पर्दैन तर स्थिर भएर बस। परमप्रभुले तिमीहरूको निम्ति युद्ध गर्नु हुनेछ।'*

**सामग्रीहरु:** लेख्नको लागि कालोपाटी र चक, अथवा धूलो र सिन्का, अथवा पेपर र पेन्सिल।

बाइबल पद स्मरण लेख्नुहोस् र भन्नुहोस र नानीहरुलाई पनि तपाईंको पछिपछि भन्न र लेख्न लगाउनुहोस्। नानीहरुले अझै लेख्न सिकेका छैनन् भने, बाइबल पद स्मरण लेख्ने आवश्यकता छैन। बाइबल पद स्मरणका शब्दहरु भन्नुहोस्।

**शिक्षक:** तिमीहरुले केही गर्नु पर्दैन। **नानीहरु:** तिमीहरुले केही गर्नु पर्दैन। **शिक्षक:** तर स्थिर भई बस। **नानीहरु:** तर स्थिर भई बस। **शिक्षक:** परमप्रभुले, **नानीहरु:** परमप्रभुले, **शिक्षक:** तिमीहरुको निम्ति, **नानीहरु:** तिमीहरुको निम्ति, **शिक्षक:** युद्ध गर्नुहुनेछ। **नानीहरु:** युद्ध गर्नुहुनेछ।

बीच-बीचका तीनवटा शब्दहरु मेटाइदिनुहोस्। एउटा केटोलाई मेटाइएका शब्दहरु भर्नको लागि चुन्नुहोस् ताकि तिनीहरुले बाइबल पद स्मरण भन्नसकून्। त्यसपछि फेरि बीच-बीचका तीनवटा शब्दहरु मेटाइदिनुहोस्। एउटी केटीलाई मेटाइएका शब्दहरु भर्नको लागि चुन्नुहोस् ताकि तिनीहरुले बाइबल पद स्मरण भन्न सकून्।

## व्यवहारिक उपयोग

***सृष्टिकर्ता परमेश्वरले उहाँका मानिसहरुको रक्षा गर्नुहुन्छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***

हामी डराउँदा, सृष्टिकर्ता परमेश्वरको निम्ति गाउनसक्छौं र उहाँले हाम्रो डर हटाइदिनुहुनेछ। हामीले शान्ति पाउनसक्छौं किनकि सृष्टिकर्ता परमेश्वरले हाम्रो रक्षा गर्नुहुन्छ।

**प्रार्थना:** सृष्टिकर्ता परमेश्वर मलाई यो संसारका सबै दुष्ट आत्मा र दुष्ट शक्तिहरुबाट सुरक्षित राख्नुभएको निम्ति धन्यवाद। मलाई प्रेम गर्नुभएको निम्ति पनि धन्यवाद। आमेन।

# पाठ ७



## एउटा शिक्षण बिन्दु

***सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ***

सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ

## बाइबल कथा

***सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ भनी सिकाउने कथा प्रयोग गर्नुहोस्***

**सुसमाचार कथा पुस्तक तीन।** पृष्ठ २८-३२। *गोठालो ठिटो।*

**सामग्रीहरु:** चित्र कोर्नको लागि कालोपाटी र चक, अथवा धूलो र सिन्का, अथवा पेपर र पेन्सिल। नानीहरुको निम्ति चित्र कोर्ने गत्ता अथवा पेपर, पेन्सिल र इरेजर चाहिन्छ।

नक्शा बनाउनुहोस् अनि कथा बताउनुहोस्।

१, २, ३ कथा शुरु गर्नुहोस्...





म एक गोठालो केटोलाई देख्न सक्छु। उनको नाम दाऊद हो
दाऊद अब्राहामको परिवारका हुन्।
धेरै वर्षहरू बिते। गोठालो केटो दाऊद अब राजा बनेका छन्।
राजा दाऊदले सृष्टिकर्ता परमेश्वरको निम्ति गाइरहेको म सुन्न सक्छु।
'सृष्टिकर्ता परमेश्वर, तपाई मेरो निम्ति सबथोक हुनुहुन्छ।
सृष्टिकर्ता परमेश्वर, तपाईले मलाई जीवन दिनुहुन्छ।
सृष्टिकर्ता परमेश्वर, तपाईले मलाई शान्ति दिनुहुन्छ।
सृष्टिकर्ता परमेश्वर, तपाईले मलाई बचाउनुहुन्छ।
सृष्टिकर्ता परमेश्वर, तपाईले मलाई सुरक्षा दिनुहुन्छ।
सृष्टिकर्ता परमेश्वर, तपाईले मलाई प्रेम गर्नुहुन्छ।
सृष्टिकर्ता परमेश्वर, तपाई सदा, सदा अनि सदासर्वदाको निम्ति मेरो साथ हुनुहुन्छ।'
सृष्टिकर्ता परमेश्वरले राजा दाऊदलाई यसो भनिरहेको म सुन्न सक्छु,
'तेरो परिवारद्वारा म सबैलाई सदा, सदा अनि सदासर्वदाको निम्ति बचाउँनेछु।'
सृष्टिकर्ता परमेश्वर आउँदै हुनुहुन्छ।






**नानीहरुलाई कथाको चित्र बनाउन लगाउनुहोस्।**

# पाठ ७







सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ

## एक्शन गीत

***सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ भनी सिकाउने एक्शन गीत प्रयोग गर्नुहोस्***

गाउने चरीको लागि,
सृष्टिकर्ता परमेश्वरलाई धन्यवाद

सबै थोकको लागि,
सृष्टिकर्ता परमेश्वरलाई धन्यवाद

तपाईंले दिने जीवनको लागि,
सृष्टिकर्ता परमेश्वरलाई धन्यवाद

जिउँछु म तिम्रै लागि,
सृष्टिकर्ता परमेश्वरलाई धन्यवाद

चमचमचम्कने ताराको लागि,
सृष्टिकर्ता परमेश्वरलाई धन्यवाद

तपाईं सदाको लागि मेरैं,
सृष्टिकर्ता परमेश्वरलाई धन्यवाद।

## वस्तु पाठ

***सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ भनी सिकाउने वस्तु पाठ प्रयोग गर्नुहोस्।***

**सामग्रीहरु:** बेलुन।

सुकेको बेलुन भुइँमा फ्याँक्नुहोस्। नानीहरुलाई भन्नुहोस्, ‘हेर त यो बेलुनमा हावा छैन। यो उड्दैन, र यसले केही पनि गर्दैन। अब हेर ल।’

बेलुनमा हावा भर्नुहोस् र हावा ननिस्कोस भनी बेलुनको फेदमा बाँध्नुहोस्। नानीहरुलाई भन्नुहोस्, ‘हेर त मैले कसरी बेलुनमा हावा फुकें। अब बेलुन उड्छ र नाच्छ। जब सृष्टिकर्ता परमेश्वरले पहिलो पुरुष र स्त्रीलाई सृष्टि गर्नुभयो तब उहाँले तिनीहरुमा आफ्नो सास फुकिदिनुभयो र तिनीहरु जीवित भए। सृष्टिकर्ता परमेश्वरले हामीलाई जीवन दिनुहुन्छ।

## बाइबल पद स्मरण खेल

***सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ भनी सिकाउने बाइबल पद प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरको अर्को नाउँ *परमप्रभु* हो भनी बताइदिनुहोस्।

**भजन २३:६** *‘मेरो जीवनको अन्त सम्म करूणा र भलाई (सृष्टिकर्ता परमेश्वर) मसँगै रहने छ, अनि म परमप्रभुको मन्दिरमा सँधैको निम्ति बस्नेछु।’*

# पाठ ७

### शब्द बिनाको प्रतियोगिता

नानीहरुको दुइ दल बनाउनुहोस्। पहिलो दललाई एकजना दलको अगुवा चुन्न लगाउनुहोस्। पहिलो दलको अगुवा अघि आउँछ। पहिलो दलको अगुवालाई बाइबल पद स्मरणको पहिलो भाग भन्नुहोस् ‘मेरो जीवनको अन्तसम्म करुणा र भलाई मसँगै रहनेछ। ’दलका अरु नानीहरुले चाहिँ सुन्न नपाउन्। पहिलो दलको अगुवालाई त्यो बाइबल पद स्मरणको नबोलिकनै एउटा नाटक गर्नु भनी भन्नुहोस्। अब पहिलो दलका नानीहरुले अड्कल काटी वाक्य भन्ने कोशिश गरुन्।

यदि केही क्षणपछि पनि पहिलो दलले वाक्य बुझ्न सक्दैन भने, दोस्रो दलका नानीहरुलाई बुझ्न कोशिश गर्न दिनुहोस्। तर केही क्षणपछि दोस्रो दलले पनि त्यो वाक्य बुझ्न सक्दैन भने नानीहरुलाई सहायताको लागि केही सूत्र दिनुहोस्।

तपाईंले नानीहरुलाई वाक्य बताइसक्नुभएपछि अथवा तिनीहरुले बुझिसकेपछि, दोस्रो दलको अगुवा अघि आउँछ। दोस्रो दलको अगुवालाई बाइबल पद स्मरणको दोस्रो भाग बताइ दिनुहोस्, ‘अनि म परमप्रभुको (सृष्टिकर्ता परमेश्वर) मन्दिरमा सँधैको निम्ति बस्नेछु। ’अरु नानीहरुलाई त्यो सुन्न नदिनुहोस्। दोस्रो दलको अगुवालाई आवाज ननिकालीकनै बाइबल पद स्मरणको एउटा नाटक गर्न लगाउनुहोस्। दोस्रो दलका नानीहरुलाई वाक्य बुझ्न कोशिश गर्न लगाउनुहोस्।

यदि केही क्षणपछि पनि दोस्रो दलले वाक्य बुझ्न सक्दैन भने, पहिलो दलका नानीहरुलाई बुझ्न कोशिश गर्न दिनुहोस्। तर केही क्षणपछि पहिलो दलले पनि त्यो वाक्य बुझ्न सक्दैन भने नानीहरुलाई सहायताको लागि केही सूत्र दिनुहोस्।

तपाईंले नानीहरुलाई वाक्य बताइसक्नुभएपछि अथवा तिनीहरुले बुझिसकेपछि, नानीहरुलाई बाइबल पद स्मरण भन्न लगाउनुहोस्।

सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ

## व्यवहारिक उपयोग

***सृष्टिकर्ता परमेश्वरले मलाई जीवन दिनुहुन्छ भनी सिकाउने व्यवहारिक उपयोग प्रयोग गर्नुहोस्***

सृष्टिकर्ता परमेश्वरले हामीलाई जीवन दिनुहुन्छ। हामी उहाँको निम्ति मात्र गाउँछौं किनकि उहाँले हामीलाई जीवन दिनुहुन्छ।

**प्रार्थना:** सृष्टिकर्ता परमेश्वर, मलाई प्रेम गरेर ममा जीवन फूकिदिनुभएको निम्ति धन्यवाद। तपाईंको भलाइ र करुणा सदा सर्वदाको निम्ति मसित हुनेछ त्यसैले तपाईंलाई धन्यवाद। आमेन्।

**पुरस्कार:** सबै नानीहरुलाई तिनीहरुको सुसमाचार कथा पुस्तक तीनको प्रति दिनुहोस्। प्रत्येक नानीलाई सुसमाचार कथा पुस्तक तीनको प्रति पढ्न सहायता गर्नुहोस्।